मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

**शिक्षक सेवा आयोग माध्यमिक तह, निम्न माध्यामिक र प्राथमिक तहको (प्रथम पत्र)**

**निःशुल्क अनलाईन तयारी कक्षा संचालन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१/८/११**

आ.ब. २०८१।०८२ को मन्थली नगरपालिकाको स्वीकृत कार्यक्रम भित्र विनियोजन भएको शीर्षकवाट बढीमा ५० जना सहभागीको लागि शिक्षक सेवा आयोग माध्यमिक तह, निम्न माध्यामिक र प्राथमिक तह सो सरहको (एकीकृत पाठ्यक्रममा आधारीत प्रथम पत्र) निःशुल्क तयारी कक्षा संचालन हुने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र(२०८१ मंसिर १७ गते भित्र) अनलाईन तयारी कक्षामा सहभागी हुन चाहाने व्यक्तिले तपसिल बमोजिम २ प्रति पासपोर्ट साईजको फोटो सहित निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१) तयारी कक्षा कार्यालय समय बाहेक विहान वेलुका संचालन हुने ।

२) तयारी कक्षामा सहभागी हुन **न्यूनतम उक्त पदको लागि आवश्यक शैक्षिक योग्यता** प्राप्त गरेको र उमेर पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

३) तयारी कक्षामा सहभागी व्यक्तिहरु मन्थली नगरपालिकाको सरहदभित्र **स्थायी बसोवास खुल्ने नागरिकताको प्रमाण पत्र वा परिचय पत्र वा विवाह दर्ता प्रमाण पत्र वा बसाई सराई प्रमाण पत्र** हुनुपर्ने ।

४) तयारी कक्षामा सहभागी छनौट गर्दा **महिला, जनजाति ,दलित र अपाङ्गता भएका व्यक्तिहरुलाई विषेश** प्राथमिकता दिईने छ ।

५) तयारी कक्षामा सहभागी छनौट गर्ने अधिकार मन्थली नगरपालिकालाई हुनेछ ।

हेमन्त कुमार बुढाथोकी
उप सचिव (प्रा)